आज मिति २०७७।०९।२८ गते मंगलबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | रामुसाह |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | सीता |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०७७।०९।२८

**बैठकका प्रस्तावहरु : :**

प्रस्ताव नं.१) सगरमाथा इनर्जी एण्ड कन्सट्रक्सन प्रा.लि. काठमाडौंबाट यस न.पा.को वडा नं. ५ र ७ को सडकहरुमा सौर्य विद्युत आपुर्तीको लागि पोलिङ्ग गर्न अनुमति माग गरेको सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. वडा नं.३ मा सदगुरु कबीर अनाथ बाल वात्सल्य आश्रमको हरिहरपुर शाखाको निर्माणधिन भवन कार्यको लागि आर्थिक सहयोग माग भएको. सम्बन्धमा ।

प्रस्ताव नं.३) २ नं. प्रदेश दंगा प्रहरीबाट विपद व्यवस्थापनको लागि उद्धार सामाग्रीहरु माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.४) श्री राष्ट्रिय आधारभुत विद्यालय, हरिहरपुर ७ बाट विद्यालयको ३७ वटा झ्यालहरुको लागि ८१ वटा पल्ला लगाउन आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा ८ निवासी श्री राजकिशोर महतोले हर्निया अपरेशन गर्दा निकै खर्च लागेको भनी आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) ईलाका प्रहरी कार्यालय, ढल्केवरबाट शौचालय निर्माणको लागि सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.७) मि.न.पा. वडा नं.८ बाट सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, जनकपुरबाट संचालन हुने योजनामा यस न.पा.बाट गठन भएको उपभोक्ता समितिको तर्फबाट जम्मा गर्नुपर्ने एक प्रतिशत वापतको रकम यस न.पा.कार्यालयबाट सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.८) श्री जनता माध्यामिक विद्यालय, मि.न.पा.३ बाट विद्यालयमा चार कोठे भवन र ३ कोठे भवनको सिंढी लगायत संरचना निर्माण गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.९) यस न.पा. क्षेत्र भित्र रहेको सामुदायिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रम लागु गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१०) मि.न.पा. वडा न.१० बाट बरपिपलको रुख कटान गर्दा लागेको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.११) समृद्धिको लागि बन कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१२) यस न.पा.क्षेत्र भित्र संचालनमा रहेका "घ" वर्गको निर्माण व्यवसायी दर्ता गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१३) ट्रमा सेन्टरको भवन निर्माण गर्नको लागि यस न.पा.क्षेत्रमा जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.१४) Sky Blue Technology Netwotk LTD., Rosegarden Drive Brampton, Ontario Canada, L6P OE4 बाट यस न.पा. क्षेत्रभित्र फोहरमैला व्यवस्थापन गर्न आवश्यक उपकरणहरुको लागतमा ४० प्रतिशत अनुदान प्रदान गर्ने प्रस्ताव पेश भएको सम्बन्धमा ।

077/9/28

प्रस्ताव नं.१५) ट्राफिक प्रहरी कार्यालय, ढल्केवरबाट यस न.पा. क्षेत्र भित्र विभिन्न स्थानमा १४ (चौध) थान CCTV क्यामरा जडान गर्दा लागको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.१६) भूमिहिन, दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मि.न.पा.८ सगरमाथा इनर्जी एण्ड कन्सट्रक्सन प्रा.लि. काठमाडौंले यस न.पा.का वडा नं. ५ र ७ मा विजुलीको सहज आपूर्तिको व्यवस्था गर्न लागेको हुंदा वडा नं.५ र ७ को सडक हुंदै ढल्केवर सवस्टेशन सम्म आफ्नै लगानीमा Polling गर्न अनुमतिको लागि मिति २०७७।०९।२४ मा यस न.पा. कार्यालयमा निवेदन पेश गर्नु भएकोमा उक्त कार्यको लागि Polling हुने स्थानहरुको नक्शा तथा पोलहरुको संख्या सहितको विवरण यस न.पा. कार्यालयमा पेश गर्न पत्राचार गर्ने र उक्त विवरणको आधारमा यस न.पा.कार्यालयबाट हुने प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा आवश्यक निश्कर्षमा पुग्ने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ मा सदगुरु कबीर अनाथ बाल वात्सल्य आश्रमको मिति २०७७।०९।१९ को पत्रबाट उक्त आश्रमको हरिहरपुर शाखामा निर्माणधिन भवन कार्य सम्पन्न गर्नको लागि नगर मर्मत संभार कोषबाट रु.२,००,०००।- (अक्षरेपी दुई लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा २ नं. प्रदेश दंगा प्रहरी, धनुषाको च.नं.३३३ मिति २०७७।०९।२६ को पत्रबाट विपद व्यवस्थापनको लागि उद्धार सामाग्रीहरु माग भएकोमा उक्त सामाग्रीहरुको व्यवस्था गर्न यस न.पा.कार्यालयको स्थानीय विपद व्यवस्थापन समितिमा आवश्यक निर्णयार्थ पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा श्री राष्ट्रिय आधारभुत विद्यालय, हरिहरपुर ७ को च.नं.४६ मिति २०७७।०९।२८ को पत्रबाट उक्त विद्यालय भवनको झ्यालहरुमा पल्ला लगाउन आर्थिक सहयोग माग भएकोमा उक्त विद्यालय भवनको ३७ वटा झ्यालहरुको लागि ८१ वटा पल्ला लगाउन नगर शिक्षा कोषबाट रु.१,५०,०००।- (एक लाख पचास हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा मि.न.पा ८ निवासी श्री राजकिशोर महतोले हर्निया अपरेशन गर्दा निकै खर्च लागेको भनी मिति २०७७।०९।१९ मा यस न.पा. कार्यालयमा निवेदन दिनु भएकोमा निजलाई नगर विपन्न कोषबाट रु.२०,०००।- (बीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा ईलाका प्रहरी कार्यालय, ढल्केवरको च.नं.७७९ मिति २०७७।०९।२७ बाट थप एक शौचालय निर्माणको लागि आवश्यक रकम र १००० लिटरको प्लाष्टिक टंकी सहयोग माग भएकोमा उक्त कार्यको लागि निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संम्भार शिर्षकबाट रु.३५,०००।- (अक्षरेपी पैंतीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, जनकपुरधामको च.नं.२४५ मिति २०७७।०९।२७ र मि.न.पा. वडा नं.८ कार्यालयको च.नं.९७१ मिति २०७७।०९।२९ को पत्रबाट अनुरोध भए बमोजिम यस न.पा.को वडा नं.८ स्थित बोडिङ, ओभरहेड ट्यांकी, पाइप लाइन तथा अन्य निर्माण कार्य र आयोजना संचालन गर्नका लागि गठन भएको खानेपानी आयोजना उपभोक्ता समिति मि.न.पा.८ धनुषाका अध्यक्ष श्री महेन्द्र सिंह र कोषध्यक्ष श्री बमबहादुर मगर तथा सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, जनकपुरधामको आयोजना प्रमुख श्री राजेश कुशवाहाको नाममा संचालित कुमारी बैंक लि., जनकपुरधामको खाता नं.१२२०१०४४२१००००९ मा लागत सहभागिता वापत उपभोक्ता समितिले दाखिला गर्नुपर्ने रु.१२,७३,४७६।११ (अक्षरेपी बाह्र लाख त्रीहत्तर हजार चार सय छयहत्तर र पैसा एघार) यस न.पा.कार्यालयको नगरस्तरिय आयोजना अन्तर्गत वडा नं. ७ को लागि खानेपानी आयोजनामा विनियोजित रकम मध्येबाट एक वर्ष भित्र फछ्र्यौट गरिसक्नु पर्ने गरी पेश्की स्वरुप उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा श्री जनता माध्यामिक विद्यालय, मि.न.पा.३ को च.नं.४६ मिति २०७७।०९।२८ को पत्रबाट विद्यालयमा चार कोठे भवन र ३ कोठे भवनको सिंढी घर निर्माण, कक्षाकोठाहरुको झ्याल पल्ला बनाउन, ढोका लगाउन, साइकल पार्क निर्माण गर्न र बगैंचा निर्माण लगायत कार्यहरु गर्नको लागि आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि नगर शिक्षा कोषबाट रु.५,००,०००।- (अक्षरेपी पांच लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा यस न.पा. क्षेत्र भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रम लागु गर्ने कार्यलाई व्यवस्थापन गर्न "स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन कार्यविधि, २०७७" स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा मि.न.पा.वडा नं.१० कार्यालयको च.नं.५६९ मिति २०७७।०९।२८ को पत्रबाट मि.न.पा.१०, लालगढ निवासी श्री तुलसी प्रसाद रेग्मी (नागरिकता प्र.प.नं.७५७२३१६९) ले निजको घर अगाडी रहेको वर पिपलको रुखले विजुलीको तार छोई घर तथा मानव समेतलाई क्षति पुऱ्याउने भएकोले उक्त रुख कटान गरी भुक्तानी गरिएको रु.२०,०००।- को भर्पाई तथा निवेदन संलग्न राखी उक्त रकम निकासाको लागि माग गरेको हुंदा उक्त रकम रु.२००००।- (अक्षरेपी बीस हजार मात्र) निज श्री तुलसी प्रसाद रेग्मीलाई भुक्तानी गर्ने निर्णय पारित गरियो ।

०७७/९/२९

निर्णय नं.११) प्रस्ताव नं.१० मा छलफल गर्दा प्रदेश नं.२ अन्तर्गत धनुषा जिल्लामा कार्यन्वयन हुन गई रहेको समृद्धिको लागि बन कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा जलवायु परिवर्तनको नकारात्मक प्रभावहरु न्यूनिकरण गर्न तथा हरियाली प्रवर्द्धन, वातावरण संरक्षण मार्फत उद्दमउशिलता विकास गरी आय आर्जनमा टेवा पुऱ्याउन यस परियोजनाले महत्वपुर्ण भुमिका निर्वाह गर्न सक्ने भएकोले देहाय बमोजिमका क्षेत्रमा विषेश लक्षीत हुने गरि यस परियोजनामा सहभागी भई सफतापूर्वक कार्यक्रम गर्ने निर्णय पारित गरियो ।

क) चुरे बन व्यवस्थापन तथा नदी उकास क्षेत्रको संरक्षण तथा विकास गर्ने ।
ख) चुरे क्षेत्रमा ताल तलैया (water reservoir) को व्यवस्थापन गर्ने ।
ग) वन्य जन्तु संरक्षण, एलानी तथा सार्वजनिक क्षेत्र र सडक किनाराको संरक्षण, वृक्षारोपण तथा सौन्दर्यीकरण गर्ने ।
घ) पर्यटकीय क्षेत्रको विकास तथा पर्यापर्यटनको विकास गर्ने ।
ङ) जडिबुटि खेतिको विकासबाट जिविकोपार्जनमा सुधार तथा रोजगारीको अभिबृद्धि गर्ने ।

निर्णय नं १२) प्रस्ताव नं.११ मा छलफल गर्दा यस न.पा.क्षेत्र भित्र संचालनमा रहेका "घ" वर्गको निर्माण व्यवसायी दर्ता हुनका लागि प्राप्त भएका निवेदनहरु मध्ये यस न.पा.का.को प्रतिवेदन अनुसार निम्न निर्माण व्ययसायीको यस न.पा.कार्यालयमा व्यवसाय दर्ता गर्ने निर्णय पारित गरिया ।

क) श्री आयुष निर्माण सेवा मि.न.पा. १० धनुषा ।

निर्णय नं १३) प्रस्ताव नं.१३ मा छलफल गर्दा ट्रमा सेन्टरको भवन निर्माण गर्नको लागि यस न.पा.को वडा नं.९ र १०को सिमानामा पर्ने रिफरेस सेन्टर तथा २ नं. प्रदेश प्रहरीको कार्यालय स्थापना गर्न अनुमति दिइएको जग्गा देखि उत्तरतर्फ रहेको अन्दाजी ३ (तीन) विघा जमिन उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं १४) प्रस्ताव नं.१४ मा छलफल गर्दा Sky Blue Technology Netwotk LTD., Rosegarden Drive Brampton, Ontario Canada, L6P OE4 बाट यस न.पा. क्षेत्रभित्र ठोस फोहरमैला व्यवस्थापन गर्न आवश्यक उपकरणहरुको लागतमा ४० प्रतिशत अनुदान प्रदान गर्ने प्रस्ताव पेश भएको हुंदा यस सम्बन्धमा विस्तृत परियोजना प्रतिवेदन उक्त नेटवर्क लि.को नेपाल स्थित साझेदार प्रतिनिधी S & U Consult Pvt Ltd, Nepal मार्फत तयार गराउने निर्णय पारित गरियो ।

निर्णय नं १५) प्रस्ताव नं.१५ मा छलफल ट्राफिक प्रहरी कार्यालय, ढल्केवरबाट यस न.पा. क्षेत्र भित्र विभिन्न स्थानमा १४ (चौध) थान CCTV क्यामरा जडान गर्दा लागको रु४,९९,०८९।- श्री ढल्केवर मोवाइल सेन्टरलाई भुक्तानी गरिएको हुंदा उक्त भुक्तानी अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १६) प्रस्ताव नं.१६ मा छलफल गर्दा भूमिहिन, दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ (१) मा व्यवस्था भए बमोजिम निम्नानुसारको "भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति" गठन गर्ने निर्णय पारित गरियो ।

क) स्थानीय तहको अध्यक्ष वा प्रमुख (श्री हरीनारया महतो) - संयोजक

ख) स्थानीय तहको उपाध्यक्ष वा उपप्रमुख (श्री ताराकुमारी बस्नेत (लामा) ) - उपसंयोजक

ग) सम्बन्धित स्थानीय तहमा क्रियाशिल रहको राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रमुख वा निजले तोकेको प्रतिनिधि
(१. श्री सरोज कार्की-ने.क.पा.एमाले, २. श्री...................... (नेपाली कंग्रेस),
३. श्री .................... (ज.स.पा) - सदस्य

घ) कार्यपालिका सदस्यहरु मध्येबाट एक जना दलित सहित दुई जना महिला
(१. श्री सितादेवी भित्रिकोटी, २. श्री ठेटकुमारी दाहाल) - सदस्य

ङ) संयोजकले मनोनयन गरेको भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था, संगठन वा नागरिक समाजका प्रतिनिधि (कम्तीमा १ महिला सहित २ जना) (१. बिना कडारी २. इच्छाराज परियार) - सदस्य

च) संयोजकले मनोनयन गरेको भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था, संगठन वा नागरिक समाजका प्रतिनिधि (कम्तीमा १ महिला सहित २ जना) (१. बिना कडारी २. इच्छाराज परियार) - सदस्य

छ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

०७८।९।२८